६ असार २०६६

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

# कोसेली

## सुरेलका सुर

पैसा पाउने भएपछि नागरिकता बनाउन लागिपरेका लोपोन्मुख जाति
पृष्ठ ग मा





# आईआईटीको ठिटो

● दिनेश वाग्ले

तस्बिर: लेखक

**तर यदाकदा त्यो सम्झौताको पालनामा केही लचकता आउँछ। जस्तो, यो साता उनलाई दाह्री मिलाउने फुर्सदै मिलेन। गत सोमबार एउटा साइकल चढेर नेपाललाई लक्ष्य बनाउँदै दिल्ली छाडेका यी भारतीय ठिटाले आफ्ना दिनहरू चर्को घामले रन्किएका सडकहरूमा बिताए। आनन्दको अन्तर्देशीय साइकल यात्राका प्रत्यक्ष र पृष्ठभूमि विवरणहरू ट्विटर र उनको निजी वेबसाइट रिगे डट इनमा फुत्त फुत्त आइरहेका छन्।**



**आनन्दको दाह्री** उनको चिउँडो र एउटा सम्झौतामा अडिएको छ। उनलाई झ्याप्प पाल्न मन लाग्ने, उनकी गर्लफ्रेन्डलाई त्यो पटक्कै मन नपर्ने। त्यसैले सहमति भा'छ, चिउडोमा मात्र थोरै राख्ने, फ्रेन्च/लेनिन कट।

तर यदाकदा त्यो सम्झौताको पालनामा केही लचकता आउँछ। जस्तो, यो साता उनलाई दाह्री मिलाउने फुर्सदै मिलेन। गत सोमबार एउटा साइकल चढेर नेपाललाई लक्ष्य बनाउँदै दिल्ली छाडेका यी भारतीय ठिटाले आफ्ना दिनहरू चर्को घामले रन्किएका सडकहरूमा बिताए। आनन्दको अन्तर्देशीय साइकल यात्राका प्रत्यक्ष र पृष्ठभूमि विवरणहरू ट्विटर र उनको निजी वेबसाइट रिगे डट इनमा फुत्त फुत्त आइरहेका छन्। एउटा ट्विटले उनले घाम हराएपछि आफ्नो टोपी निकालेको बताउँछ भने अर्कोले उत्तर प्रदेशस्थित कुनै ठाउँको सडक छेउका पर्खालमा पोतिएका भारतीय जनताका चाहना प्रतिबिम्बित लेखोट उद्दरण गर्छ, सबै सुध्रिन्छ यी तीन सुध्रिए, हाम्रा नेता, कर र कानुन।

सडकको यात्रालाई इन्टरनेटमा छताछुल्ल पार्न अचेल कोही प्राविधिकै हुनुपर्छ भन्ने छैन तर २८ वर्षे के ए आनन्द भारतीय शैक्षिक उत्कृष्टताका प्रतीक मानिने 'इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी (आईआईटी)' का एक उत्पादन हुन्। आईआईटी बम्बेबाट 'मेटलोर्जिकल इन्जिनियरिङ एन्ड मेटेरियल साइन्स' मा स्नातक गरेका तन्नेरीले साइकल चलाउन चाहिँ आफैं सिकेका हुन् र त्यो उनको सोख हो। जिन्दगी चाहिँ उनी डिजाइनिङ पेसाबाट चलाउँछन् र त्यही झल्किन्छ आईआईटी क्रेजको विरोधाभास।

अधिकांश भारतीय विद्यार्थीको एउटा सपना हुन्छ, इन्जिनियरिङ र प्रविधिमा उच्च शिक्षा दिने आईआईटीमा भर्ना हुने। आईआईटीबाट मिल्ने विश्वस्तरको ज्ञानको प्रमाणपत्रले टन्न तलब हुने राम्रो जागिरसहितको जिन्दगीको लगभग ग्यारेन्टी गर्छ। त्यसैले भारतमा बर्सेनि लाखौं विद्यार्थी देशभरि छरिएका १३ आईआईटीहरूको सयुक्त प्रवेश परीक्षा (जेईई) मा भाग लिन्छन् जसलाई 'सबै प्रवेश परीक्षाहरूकी आमा' पनि भनिन्छ। ती लाखौं मध्येबाट ७ हजार प्रतिभाशाली भाग्यमानी निस्कन्छन् जसले प्रवेश परीक्षामा पाएको अंकअनुसार प्राथमिकतामा पर्दै आईआईटीहरूले पढाउने विषय छान्न पाउँछन्। जस्तो कि, धेरैको चासो कम्प्युटर साइन्स पढ्नेमा हुन्छ। सन् २००० मा आईआईटीहरूका ३ हजार सिटका लागि लिइएको जेईईमा आनन्दसहित ३ लाख विद्यार्थी सहभागी थिए। 'प्रवेश परीक्षामा उत्तीर्ण हुनु ठूलो कुरा थियो,' आनन्दले सम्झिए, 'हामीले छिमेकीलाई बोलाएर भोज खुवाएका थियौं।'

**आनन्दको साइकल यात्रा नेपालमा आईआईटी प्रवर्द्धन गर्ने र नेपालीहरूको सहभागिता बढाउनेतिर लक्षित छैन। उनी अहिले विश्व आर्थिक मन्दीबाट पीडित छन्।**

मध्य भारतको माओवादी सशस्त्र विद्रोहले ग्रस्त राज्य छत्तीसगढको दुर्ग जिल्लामा त्यो भोज भएको थियो। गरिबहरूको बहुमत भएको राज्यको औद्योगिक र सम्पन्न क्षेत्र मानिने दुर्गलाई 'गरिबरथ' पनि भनिन्छ र एउटा ठूलो स्टिल प्लान्ट भएको यो ठाउँका मानिसहरू, एउटा वेबसाइटका अनुसार, अग्रगामी र नयाँ जीवनशैली अगाँल्ने खालका हुन्छन्। (आनन्दका मामा एकपटक नक्सल भनिने माओवादीहरूको फन्दामा परेका थिए तर विद्रोहीहरूले बिरामी देखेपछि उपचार गरेर छाडिदिए।) आनन्दका बाबु त्यहींको स्टिल प्लान्टमा काम गर्छन् र आईआईटी प्रवेश परीक्षामा नाम निस्केपछि त्यही प्रभावमा परेर उनले विषय छानेका थिए।

'तर त्यो गलत छनोट थियो,' विषय छानेको आठ र डिग्री लिएको चार वर्षपछि उनी टुंगोमा पुगेका छन्, 'पछि मैले थाहा पाएँ, मलाई रुचि भएको विषय अर्कै रहेछ।'

त्यो विषय 'कला' र 'डिजाईन' को संयोग हो र उनी उपभोग्य सामानको प्रयोग गर्न सजिलो डिजाइन बनाउने (युजर इन्टरफेस डिजाइन) काम गर्छन्। आईआईटीमा एउटा विषय पढेर जीवनमा अर्कै क्षेत्र अगाल्ने उनीमात्र होइनन्। दिल्लीको कालकाजिस्थित एउटा घरको तेस्रो तल्लामा उनी आफूजस्तै तीन आईआईटीयनहरूसँग बस्छन्। तीमध्ये दुईले कम्प्युटर साइन्स र इलेक्ट्रिकल इन्जिनियरिङ पढे पनि अहिले ब्यांकिङमा गएका छन्। अर्का एकले चाहिँ आर्किटेक्चर पढे र अहिले काम त्यसैबारे गर्छन्।

गत महिना जेईईको नतिजा निस्केसँगै भारतीय माध्यमहरूमा फेरि एकपटक एउटा बहस सुरु भएको छ, त्यत्रो प्रतिस्पर्धापछि आईआईटीबाट शिक्षा लिएपछि अर्कै क्षेत्रमा जाने भए त्यसको के अर्थ भयो? 'इन्जिनियरिङबिना कला बाच्न सक्दैन र कलाबिना इन्जिनियरिङ,' आईआईटीबाट इन्जिनियरिङ गरेर संगीततिर लागेका नारायण परशुरामले गतसाताको आउटलुक पत्रिकालाई भनेका छन्, 'मधुराइस्थित (सुन्दर) मिनाक्षी मन्दिर कलाको नमुना हो कि इन्जिनियरिङ उपलब्धि?'

निश्चितरूपमा दुवै। त्यति नै निश्चित के पनि हो भने बितेका केही दशकमा भारतले प्राविधिक क्षेत्रमा हासिल गरेको अग्रतामा यी आईआईटीहरूको मुख्य भूमिका छ। नाम एउटै भए पनि भारतभरि छरिएर रहेका यिनीहरू जहाँ छन् त्यही सरहको नामबाट प्रख्यात छन्। जस्तो, आईआईटी दिल्ली, आईआईटी खडकपुर, आईआईटी मद्रास। खडकपुरको स्थापना भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूले १९५१ मा गरेका थिए जसको १९५६ मा भएको पहिलो दीक्षान्त समारोहमा उनले भनेका थिए, '(यो) भारतको सबैभन्दा सुन्दर संरचना हो जसले भारतको चाहना र बन्दै गरेको भविष्यको प्रतिनिधित्व गर्छ।' त्यही वर्ष भारतीय संसद्ले त्यो आईआईटीलाई 'राष्ट्रिय महत्त्वको संस्था' घोषणा गरेको थियो। त्यसयता आईआईटीको संख्या १३ पुगेको छ र ती आफैंमा विश्वविद्यालय सहरका छन्। तिनले आफ्नो पाठ्यक्रम आफैं निर्धारण गर्छन्, सरकारी भइकन पनि तिनमा राजनीतिक हस्तक्षेत हुँदैन र प्रवेश परीक्षामा भनसुन लाग्दैन। तीनै गुणका कारण आईआईटीहरूले अमेरिकीहरूको समेत प्रशंसा पाएका छन्। आफ्नो वेस्ट सेलिङ किताब 'द वर्ल्ड इज फ्ल्याट' मा टमस फ्रिडम्यान लेख्छन्, '(पहिलो खुलेको) ५० वर्ष यता लाखौं भारतीयले यी आईआईटी (र त्यस्तै केही संस्था) मा प्रवेश पाउन र त्यहाँबाट स्नातक गर्न प्रतिस्पर्धा गरेका छन्। भारतको एक अर्बभन्दा बढीको जनसंख्याले गर्दा त्यो प्रतिस्पर्धाले असाधारण ज्ञानमा आधारित तह सिर्जना गर्छ। त्यो एउटा कारखाना जस्तै हो जसले इन्जिनियरिङ, कम्प्युटर साइन्स र सफ्टवेयर क्षमता निकाल्दै संसारमा निर्यात गर्छ।' अमेरिकी विश्वविद्यालय हावार्ड र मासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीमा छिर्नभन्दा गाह्रो आईआईटीमा हुने अमेरिकी पत्रिका वाल स्ट्रिट जर्नलको रिपोर्टलाई फ्रिडम्यानले उद्धरण गरेका छन्।



थुप्रै अन्य भारतीय शैक्षिक संस्थाजस्तै आईआईटीमा पनि बर्सेनि केही नेपालीले अध्ययन गर्छन्।

तर आनन्दको साइकल यात्रा नेपालमा आईआईटी प्रवर्द्धन गर्ने र नेपालीको सहभागिता बढाउनेतिर लक्षित छैन। उनी अहिले विश्व आर्थिक मन्दीबाट पीडित छन्। कुनै कम्पनीमा काम गर्थे, निकालिए। त्यसैले उनी अचेल फ्रिल्यान्सर भएका छन्, घरैमा बसेर छोटो अवधिका लागि मिलेका काम गर्ने। अनि साइकलमा घुम्ने।

'एक हिसाबले मन्दीको फाइदा लुटिरहेको छु,' उनी भन्छन्, 'नत्र मैले जागिरे हुनुपर्थ्यो। बिदा मिल्दैन थियो, अनि घुम्ने कसरी?'

जुन २९ मा उनको मिटिङ छ लन्डनबाट आउने एकजना ग्राहकसँग जसका लागि उनी काम गर्नेछन् त्यसपछिका केही साता। त्यतिन्जेलसम्ममा उनी सके काठमान्डू नभए पोखरासम्म पुग्ने लक्ष्यमा छन्। केही सात अघि बरालिँदै ऋषिकेश पुग्दा त्यहाँ भेटिएका 'हिप्पी' विदेशीसँगको कुराकानी पनि आनन्दलाई नेपाल जाने चाहना आएको थियो। त्यसपछि उनले इन्टरनेटमा खोजबिन गरे र पत्ता लगाए, 'खासमा नेपाल धेरै टाढा रहेनछ। ३ सय ५० किलोमिटरमात्र रहेछ।' गाडीमा फर्किने उनको योजना छ।

महेन्द्रनगर हुँदै नेपाल छिर्ने योजना बनाएका उनले मोबाइल फोनबाट सिधै ट्विट गर्न खोजेका थिए तर त्यसमा केही समस्या देखियो। त्यसैले उनले दिल्लीमा रहेका साथीलाई एसएमएस गर्छन् जो तत्कालै साथीले उनको ट्विटर एकाउन्टमा पोष्ट गरिदिन्छन्।

delhi@wagle.com.np